☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

BESISHAHAR MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय

**Office of The Municipal Executive**

बेसीशहर, लमजुङ

BESISHAHAR, LAMJUNG

२०७३ (2017 AD.)

गण्डकी प्रदेश, नेपाल

GANDAKI PROVINCE, NEPAL

प.सं.(Ref No.): २०८२/०८३ **(राजश्व शाखा)**

च.नं. (Dis No.): ४२८

मितिः२०८२/०६/०२

नेे.सं.: ११४५ ञंलागा द्वादशी बिहीवार

## विषयः सूचना टाँस गरी जानकारी पठाई दिने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय, लमजुङ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, लमजुङ ।
श्री जिल्ला प्रहरी कार्यालय, लमजुङ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, लमजुङ ।
श्री डिभिजन बन कार्यालय, लमजुङ ।
श्री करदाता सेवा कार्यालय, लमजुङ ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२।०६।०२ मा प्रकाशन भएको नदीजन्य पदार्थ निर्माण सामाग्रीहरु संकलन तथा बिक्री कार्यको लागि जारी गरिएको सूचना थान १ (एक) यसैसाथ संलग्न गरी पठाइएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाईदिनु हुन अनुरोध छ ।

............................
सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री वडा कार्यालय, सबै, बेसीशहर नगरपालिका, लमजुङः- जानकारीका लागि ।
श्री सूचना प्रविधि शाखा, बेसीशहर नगरपालिका, लमजुङः- सम्बन्धित कार्यालयहरुमा मेल गरिदिनुहुन साथै यस कार्यालयको वेभसाईटबाट प्रकाशनको लागि ।

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका
BESISHAHAR MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
बेसीशहर, लमजुङ
BESISHAHAR, LAMJUNG
२०७३ (2017 AD.)

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL

प.सं.(Ref No.): २०८२/०८३ (राजश्व शाखा)

च.नं. (Dis No.):

मितिः२०८२/०६/०२

नेसं.: ११४५ ञंलागा द्वादशी बिहीवार

**(आर्थिक वर्ष २०८२।०८३ का लागि नदीजन्य निर्माण सामाग्रीहरु संकलन तथा विक्री कार्यको लागि दरभाउ आव्हान गरिएको सम्बन्धी)**

# सूचना ! सूचना !! सूचना !!!

**(सूचना प्रकाशन मितिः २०८२।०६।०३)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि २०७४ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२।०८३ का बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदीहरुबाट नदीजन्य निर्माण सामाग्रीहरु संकलन तथा विक्री कार्यको लागि तपसिल बमोजिमका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम निर्माण सामाग्री संकलन गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोल इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८०।८१ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल वमोजिमका शर्तहरुको अधीनमा रही दरभाउ प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिनको सूचना प्रकाशन गरिएको छ । थप जानकारीको लागि यस कार्यालयको वेवसाईट www.besishaharmunicipality.gov.np मा हेर्न सकिनेछ तथा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र. सं. | सूचना नं./ दरभाउ-पत्र नं. | दरभाउ-पत्रको बिबरण | वडा नं. | संकलन परिमाण (घ। मि।) | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १. | Besishaharmun/ Revenue/SQ/ 082/83/0३ | बेलौती विसौना खण्ड (क) (डिलबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | १६०० | ५१०००० | कबोल अंकको ५ प्रतिशत | १००० |

अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

☏(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

BESISHAHAR MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय

## Office of The Municipal Executive

बेसीशहर, लमजुङ

BESISHAHAR, LAMJUNG

२०७३ (2017 AD.)

गण्डकी प्रदेश, नेपाल

GANDAKI PROVINCE, NEPAL

प.सं.(Ref No.): २०८२/०८३

च.नं. (Dis No.):

**(राजश्व शाखा)**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | Besishaharmun/ Revenue/SQ/ 082/83/0४ | बेलौती विसौना खण्ड (ख) (ओमबहादुर रिमालको जग्गा अगाडिको खण्ड ) | ६ | ९०० | २९०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ३. | Besishaharmun/ Revenue/SQ/ 082/83/0५ | बेलौती विसौना खण्ड (ग) (चन्द्रबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | ८०० | २६०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ४. | Besishaharmun/ Revenue/SQ/ 082/83/0७ | बेलौती विसौना खण्ड (ङ) (टिकाराम राउतको जग्गा अगाडिको खण्ड) | ६ | १४०० | ४५०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ५. | Besishaharmun/ Revenue/SQ/ 082/83/0८ | लेतेफाँट खण्ड (तालखोला दोभानदेखि मर्स्याङ्दी गाँउपालिकाको सिमानासम्म) | १० | ४०० | १३०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ६. | Besishaharmun/ Revenue/SQ/ 082/83/0९ | खासुर अक्कर खण्ड क (बेलौती बिसौना पारिपट्टी झोपु तलको भाग) | १० | २२५० | ७१५००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ७. | Besishaharmun/ Revenue/SQ/ 082/83/१0 | खासुर अक्कर खण्ड ख (खासुर खासुर अक्कर खण्ड क देखि तल घुम्ती माथी भाग) | १० | २८०० | ८९०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ८. | Besishaharmun/ Revenue/SQ/ 082/83/१२ | पुवाखोला दोभान खण्ड (पुवाखोला दोभान क्षेत्र) | ६ र ७ | ७०० | २२५००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ९. | Besishaharmun/ Revenue/SQ/ 082/83/१४ | आँपचौर खण्ड (आँपचौर मुनिको भाग ) | १० | १००० | ३२०००० | कबोल अंकको ५ प्रतिशत | १००० |

(हस्ताक्षर) अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | Besishaharmun/ Revenue/SQ/ 082/83/1६ | भकुण्डे थुम्कामुनीको खण्ड (भकुण्डे थुम्कामुनी बगरघाट) | २ | ५०० | १६०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ११. | Besishaharmun/ Revenue/SQ/ 082/83/1७ | गैरी वगर घाट (सुन्दरवजार न.पा. को सीमाना साधँखोलाको माथिल्लो भाग) | १ | ९०० | २९०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| १२. | Besishaharmun/ Revenue/SQ/ 082/83/1८ | दोर्दी खोला क्षेत्र (दोर्दी र मर्स्याङदी नदी दोभान) | ११ | ३००० | ९५५००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| १३. | Besishaharmun/ Revenue/SQ/ 082/83/१९ | नाल्मा मिदिम खोला क्षेत्र (मिदिमखोला वारिपटीको भाग) | ५ | ३२० | ११०००० | कबोल अंकको ५ प्रतिशत | १००० |

## सूचनाका शर्तहरु:

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८०।८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यो सूचना प्रकाशन भएको मितिले ७औं दिनको दिउँसो ५.०० बजे (मिति: २०८२।०६।०९ गते विहीबार) सम्म यस कार्यालयको राजश्व शाखाबाट सिलवन्दी दरभाउ पत्र खरिद गर्न सकिनेछ । तोकिएको दरभाउ दस्तुर यस कार्यालयको वैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । दरभाउ पेश सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. दरभाउ सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दरभाउको मान्य अवधि दरभाउ खोलिने मितिबाट ९० दिनको

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

हुनुपर्नेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी दरभाउ खोलिने मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड पेश गर्नु पर्नेछ।

३. दरभाउ फाराममा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउ विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८औं दिन दिनको १२.०० बजे (मितिः २०८२।०६।१० गते शुक्रवार) भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा विद्युतीय प्रति अपलोड गर्नु पर्नेछ वा यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट बुझाउनु पर्नेछ ।

४. रितपूर्वक पर्न आएका दरभाउ सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउदाता वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. दरभाउ सम्बन्धी विस्तृत जानकारी दरभाउ फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउ स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्रकाशन भएको मितिले १० दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम र आफुले कबोल गरेको अंकको नियमानुसार थप १३% भ्याट रकम र आयकर तथा अन्य तिर्नु बुझाउनु पर्ने रकम र करहरु समेत यस कार्यालयमा जम्मा गरी सम्झौताका लागि उपस्थित हुनुपर्नेछ । कबोल अंकको पुरै रकम बुझाउने भएमा न्यूनतम दरभाउ अंक बाहेकको कवोल रकममा १० प्रतिशत छुट दिइनेछ । दोस्रो किस्ता बापतको ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (पर्फरमेन्स बन्ड)

सम्झ अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

BESISHAHAR MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय

Office of The Municipal Executive

बेसीशहर, लमजुङ

BESISHAHAR, LAMJUNG

२०७३ (2017 AD.)

प.सं.(Ref No.): २०८२/०८३ (राजश्व शाखा)

गण्डकी प्रदेश, नेपाल

GANDAKI PROVINCE, NEPAL

च.नं. (Dis No.):

पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरिनेछ । दोस्रो किस्ता बापतको रकम २०८२ साल चैत मसान्त भित्र बुझाइ सक्नुपर्नेछ अन्यथा बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) बाट अशुल उपर गरिनेछ ।

७. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउ पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार दरभाउ बन्दोवस्त गरिनेछ ।

८. प्रचलित नियमानुसार कालो सुचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेका दरभाउ फाराम उपर कुनै कारवाही हुनेछैन ।

९. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. यस नगरपालिकाका खोला तथा नदीहरुको संकलन क्षेत्र र संकलन परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिटी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९ समेत) वातावरण संरक्षण ऐन तथा नियमावली, यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE)२०८२, नदीजन्य निर्माण सामाग्री उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं अन्य प्रचलित कानूनहरु दरभाउ सम्झौताको अभिन्न अंग मानिनेछ ।

.....................................

सुमन अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

सुमन अधिकारी

प्रमुख प्रशासकीय अधिकृत